## च्याउ स्रोत केन्द्र प्रवर्धन सहयोग कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०८०

मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८०/११/२०

**प्रस्तावनाः** गण्डकी प्रदेशमा च्याउ उत्पादनका लागि आवश्यक गुणस्तरीय बीउ (spawn) को उत्पादन र उपलब्धताको सुनिश्चितता तथा उत्पादित च्याउको बीउ र च्याउको प्याकेजिङ्ग, प्रशोधन, बजारीकरण र सो सम्बन्धी कार्यमा कृषकको क्षमता अभिवृद्धि मार्फत व्यावसायिक च्याउ खेती विस्तारमा टेवा पुऱ्याउने उद्देश्यले **"च्याउ स्रोत केन्द्र प्रवर्द्धन सहयोग कार्यक्रम"** पारदर्शी रुपमा सञ्चालन गर्ने प्रयोजनार्थ "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ (तेस्रो संशोधन सहित) को दफा ४० ले दिएको अधिकार प्रयोग गरी कृषि तथा भूमि व्यवस्था मन्त्रालयले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्ष**

(क) च्याउ स्रोत केन्द्र भन्नाले विभिन्न प्रजातिका च्याउ तथा च्याउ बीउको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण, जर्म प्लाज्म सङ्कलन तथा संरक्षण र सो सम्बन्धी क्षमता अभिवृद्धिका क्रियाकलापहरु सञ्चालन गर्ने केन्द्र सम्झनुपर्छ।

(ख) कार्यक्रमको लागि च्याउ तथा च्याउको बीउ उत्पादनमा आवद्ध वा इच्छुक कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समूह वा कृषि सहकारी संस्थाले आवेदन दिन सक्नेछन्।

(ग) च्याउ स्रोत केन्द्र प्रवर्धन सहयोगका लागि देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः

(अ) विभिन्न प्रजातिका (एक भन्दा बढी) च्याउ तथा च्याउको बीउ उत्पादन तथा बजारीकरण

(आ) च्याउको उत्पादन प्रदर्शनीको लागि प्रदर्शनी ब्लक स्थापना तथा सञ्चालन

(इ) च्याउको जर्मप्लाज्म सङ्कलन तथा संरक्षण

(ई) च्याउ तथा च्याउको बीउ उत्पादन र बजारीकरण सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम

(घ) च्याउ स्रोत केन्द्रको लागि कम्तीमा २ रोपनी क्षेत्रफल हुनुपर्नेछ।

(ङ) वार्षिक च्याउ बीउ उत्पादन कम्तीमा ५००० के.जी हुनुपर्नेछ।

(च) च्याउ बीउ उत्पादन सम्बन्धी सम्पूर्ण कार्य व्यवस्थित प्रयोगशालामा दक्ष प्राविधिकको संलग्नतामा भएको हुनुपर्नेछ।

(छ) च्याउको जर्मप्लाज्म सङ्कलन तथा संरक्षणको लागि व्यवस्थित कक्ष हुनुपर्नेछ।

२. आर्थिक पक्ष

स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यको लागि कुल लागतको पचास प्रतिशत अनुदान रकम उपलब्ध गराउन सकिनेछः

(क) च्याउ बीउ उत्पादनको लागि प्रयोगशाला स्थापना तथा मर्मत र आवश्यक मेसिनरी, उपकरण लगायतका सामाग्री खरिद।

(ख) च्याउ बीउ भण्डारणको लागि भण्डारण कक्ष निर्माण तथा मर्मत।

(ग) च्याउको जर्मप्लाज्म संरक्षणको लागि कोल्ड रुम निर्माण तथा आवश्यक उपकरण खरिद।

(घ) च्याउ उत्पादनको लागि च्याउ घर निर्माण तथा मर्मत।

(ङ) च्याउ उत्पादन तथा बजारीकरणका लागि आवश्यक सामाग्री खरिद।

३. प्रस्ताव मूल्याङ्कन

| क्र.सं | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|
| १. | **पूर्वाधारको अवस्था** | **१५** |
| (क) | पानी, विद्युत् र सडकको सुविधा भएको | १५ |
| (ख) | पानी, विद्युत् र सडकको सुविधा नभएको | १० |
| २. | **च्याउ तथा च्याउ बीउ उत्पादन सम्बन्धी अनुभव** | **१५** |
| (क) | ५ वर्षभन्दा बढीको अनुभव भएको | १५ |
| (ख) | २ देखि ५ वर्षसम्मको अनुभव भएको | १० |
| (ग) | २ वर्षभन्दा कमको अनुभव भएको | ५ |
| (घ) | हालसम्म कुनै अनुभव नभएको | ० |
| ३. | **च्याउ तथा च्याउ बीउको उत्पादन अवस्था** | **१०** |
| (क) | एक भन्दा बढी प्रजाति | १० |
| (ख) | एक मात्र प्रजाति | ५ |
| ४. | **वार्षिक अनुमानित च्याउ बीउ उत्पादन** | **२०** |
| (क) | १०००० के.जी. भन्दा माथि | २० |
| (ख) | ५००० देखि १०००० के.जी सम्म | १० |
| ५. | **अनुदानको अवस्था** | **१०** |

| | | |
|---|---|---|
| (क) | हालसम्म अनुदान प्राप्त नगरेको | १० |
| (ख) | अघिल्ला दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | ५ |
| (ग) | अघिल्ला दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि क्षमता विस्तारका लागि प्रस्ताव पेश गरेको | ३ |
| ६. | **च्याउ बीउ उत्पादनमा संलग्न जनशक्ति** | २० |
| (क) | कृषि वा बायोटेक्नोलोजी विषयमा स्नातक तह उत्तीर्ण गरी च्याउ बीउ उत्पादन सम्बन्धी तालिम र अनुभव भएको | २० |
| (ख) | कृषि वा बायोटेक्नोलोजि विषयमा स्नातक तह उत्तीर्ण गरेको तर च्याउ बीउ उत्पादन सम्बन्धी तालिम र अनुभव नभएको | १० |
| ७. | **च्याउको जर्मप्लाज्म सङ्कलन तथा संरक्षण** | ५ |
| (क) | च्याउको जर्मप्लाज्म सङ्कलन तथा संरक्षण सम्बन्धी कार्य गरिरहेको | ५ |
| (ख) | हालसम्म नगरेको | २ |
| ८. | व्यावसायिक योजना सम्बन्धी प्रस्ताव र स्थलगत अनुगमन प्रतिवेदनका आधारमा मूल्याङ्कन समितिले १ देखि ५ अङ्क प्रदान गर्न सक्नेछ | ५ |
| | कुल जम्मा | १०० |

### ४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरु

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ (तेस्रो संशोधन सहित)" को दफा १६ को उपदफा (३) बमोजिमका कागजातहरु,

(ख) कृषक समूह वा कृषि सहकारी संस्थाको बैठक निर्णयको प्रतिलिपि,

(ग) जग्गाको लालपूर्जा वा जग्गा लिजमा लिएको भए कम्तीमा १५ वर्षको लागि भएको करार सम्झौताको प्रतिलिपि र नापी नक्सा,

(घ) संरचना निर्माण, मेसिनरी तथा उपकरण खरिदको हकमा सोको विस्तृत लागत अनुमान,

(ङ) दफा ३ को खण्ड (६) सँग सम्बन्धित कागजातको प्रतिलिपि,

### ५. प्रस्तावको ढाँचा

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

(क) आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक संस्थाको नाम | |
| ठेगाना | |
| प्रोपाईटरको नाम, नम्बर | |
| सम्पर्क व्यक्तिको नाम, नम्बर | |

(ख) च्याउ तथा बीउ उत्पादन सम्बन्धी विवरण

| क.सं. | उत्पादित वस्तु (च्याउ, च्याउ बीउ) | प्रजाति | हालको उत्पादन (के.जी) | कार्यक्रम सञ्चालनबाट थप हुने प्रजातिहरु | थप हुने उत्पादन (के.जी) |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| जम्मा | | | | | |

(ग) सञ्चालन हुने क्रियाकलापहरु

| क.सं. | क्रियाकलापहरु | एकाई | परिमाण | दर रु. | जम्मा लागत रु. | कार्यालयको अनुदान रु. | प्रस्तावकको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| (अ) | लागत साझेदारीमा सञ्चालन हुने क्रियाकलापहरु | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| | जम्मा | | | | | | |
| (अ) | आफ्नै लगानीमा सञ्चालन हुने क्रियाकलापहरु | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| | जम्मा | | | | | | |

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल जम्मा | | | | | | |

(घ) माग गरेको जम्मा अनुदान रकम रु.

(ङ) कुल रोजगारी सृजना

(च) अन्य व्यवसायिक योजना

- नवीनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नवीन सोच/प्रविधि भए उल्लेख गर्नुहोस)

- अन्य विषय केही भए उल्लेख गर्नेः